# कोरोना भाइरस (कोभिड १९) महामारीको समयमा समाज कल्याण परिषद्को भूमिका



कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम नियन्त्रण तथा प्रतिकार्यका लागि नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लकडाउन सुरु गऱ्यो । त्यसलगत्तै समाज कल्याण परिषद्ले नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको काम कारबाहीलाई थप प्रभावकारी बनाउँदै वैदेशिक सहयोगलाई छिटो छरितो र सहज रुपमा लक्षित समुदायमा पुऱ्याउन सहजीकरणको प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको छ । समाज कल्याण परिषद्को सक्रियतामा विभिन्न विषयगत क्षेत्रहरु जस्तै खाद्यान्न सहयोग, स्वास्थ्य सामाग्री सहयोग, जनचेतजनाका कार्यक्रम, क्वारेन्टिन तथा आइसोलेसनका लागि सहयोग, मनोसामाजिक परामर्श तथा महिला र बालबालिकाको क्षेत्रमा भएको सहायताले तत्काल राहत पुगेको छ । असहज परिस्थिति बढ्दै जाँदा २०७६ चैत्र ११ गतेबाट २०७७ आषाढ ३२ गतेसम्मको राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त कोभिड १९ को रोकथाम तथा प्रतिकार्यका लागि प्राप्त प्रस्तावहरु र परियोजनाहरु विद्युतीय प्रणालीमार्फत स्वीकृति तथा संशोधन गरी अद्यावधिक गर्ने कार्य गरेको छ ।

कोभिड १९ नियन्त्रण तथा रोकथामको लागि निम्न बमोजिमका राष्ट्रिय गैरसरकारी संस्थाका परियोजना स्वीकृति, संशोधन र अद्यावधिक गर्ने कार्य गरेको छ ।

| क्र.स | कोभिड १९ सम्बन्धी परियोजना | संस्था संख्या | परियोजना संख्या | बजेट रुपैयाँ | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँ परियोजना स्वीकृति | ७६ | ९७ | रु. २३,७५,२४,४७५।४७ | |
| २ | परियोजना संसोधन भएका | १२ | १४ | ४,८१,०८,६९३ ।- | परिषद्बाट पूर्वस्वीकृत परियोजना संशोधन गरी कोभिड १९ रोकथाम सम्बन्धी क्रियाकलापमा खर्च गर्न अनुमति दिइएको |
| ३ | परिषद्लाई जानकारी गराई आन्तरिक श्रोतबाट खर्च गरेका संस्था | ३४ | ३६ | ६,७१,५२,००४।- | परिषद्मा जानकारी गराइए अनुसार |
| जम्मा | | | १४७ परियोजना | रु.३५,२७,८५,१७२।४७ | |

अहिलेसम्म ७६ संस्थाले ९७ परियोजना सञ्चालन गर्न **२३ करोड, ७५ लाख, २४ हजार, ४ सय ७५ रुपैंया रकमको** परियोजनाहरु स्वीकृत भई काम सुरु भएको छ । परिषद्बाट यस अघि स्वीकृत भई सञ्चालनमा रहेका परियोजनामा तोकिएको रकममध्ये २० प्रतिशत कोभिड १९ रोकथाम र नियन्त्रणका लागि लगाउने निर्णय बमोजिम १२ संस्थाका १४ परियोजनाले **४ करोड ८१ लाख रुपैंया रकम बराबर**को परियोजना संशोधन भई काम भइरहेको छ । त्यस्तै ३४ संस्थाले आफ्नै श्रोतबाट ६ करोड ७१ लाख बराबरका ३६ वटा परियोजनाहरु कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि सञ्चालन गरेको जानकारी गराएका छन् । यसरी कोभिड १९ को रोकथाम तथा नियन्त्रणमा गैरसरकारी संस्थामार्फत **३५ करोड २७ लाख ८५ हजार रकम बराबरका कार्यक्रम सञ्चालन भएका छन् ।**

यस अवस्थामा समाज कल्याण परिषद्लाई जानकारी गराई काम गरेका संस्थाहरु र स्वीकृति भएका कार्यक्रमहरुबाट निम्नानुसारका समुदायहरु लाभान्वित भएका छन् ।

| क्र.स | लाभान्वित समुदाय | लाभान्वित संख्या | सहयोगको प्रकृति |
|---|---|---|---|
| १ | दैनिक ज्याला मजदुरी गरी खाने विपन्न परिवार | ४६९५७ परिवारहरु | खाद्यान्न र सरसफाईका सामाग्री सहयोग |
| २ | हरवा चरवा परिवारहरु, चेपाङ्ग परिवारहरु | ३७५५ हरवा चरवा परिवारहरु र ५०० चेपाङ्ग | खाद्यान्न र सरसफाईका सामाग्री सहयोग |

| | | | |
|---|---|---|---|
| ३ | जोखिममा रहेका सुत्केरी, गर्भवती महिलाहरु, ज्येष्ठ नागरिकहरु | ११० महिला र ७२ ज्येष्ठ नागरिक भएका परिवार | खाद्यान्न र सरसफाईका सामाग्री र स्वास्थ्य सामाग्री सहयोग |
| ४ | मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला तथा किशोरीहरु | करिब ९९३ महिला तथा किशोरीहरु | खाद्यान्न र सरसफाईका सामाग्री र स्वास्थ्य सामाग्री सहयोग |
| ५ | कोरोना बिरामीको प्रत्यक्ष सम्पर्कमा काम गर्ने स्वास्थ्यकर्मीहरु | करिब २३०० जना स्वास्थ्यकर्मीहरुलाई पीपीई, मास्क, ग्लोब्स लगायतका सुरक्षा सामाग्री सहयोग | स्वास्थ्य सुरक्षाका सामाग्री सहयोग |
| ६ | अश्व प्रजातिका जनावरहरु | काठमाडौं, ललितपुर, धादिङ्ग, रुपन्देही, बाँके, कैलाली जिल्लामा भएका अश्व प्रजातिका २००० जनावरहरु | खाद्यान्न र औषधि उपचार सहयोग |
| ७ | क्वारेन्टिन/आइसोलेसनमा बसेका कोरोना प्रभावित बिरामीहरुलाई स्वास्थ्य सामाग्री सहयोग | करिब ९००० जना | क्वारिन्टिन र आइसोलेसन सेन्टर व्यवस्थापनमा सहयोग, क्वारेन्टिन र आइसोलेसन सेन्टरमा बसेका बिरामीहरुलाई सहयोग गर्न स्वास्थ्य सामाग्री, सरसफाईका सामाग्री, खाद्यान्न सहयोग, एम्बुलेन्स सेवा |
| ८ | मनोसामाजिक परामर्श चाहिने बिरामीहरु | करिव १०,००० व्यक्तिहरु | मनोसामाजिक परामर्श सेवा |
| ९ | अपाङ्गता भएका परिवारहरु | २०० परिवारहरु | खाद्यान्न र सरसफाईका सामाग्री र |

| | | | |
|---|---|---|---|
| | | | स्वास्थ्य सामाग्री , अपांगता भएका व्यक्तिहरुलाई सहायता सामाग्री सहयोग |
| १० | इट्टाभट्टामा काम गर्ने परिवारहरु | ४० परिवारहरु | खाद्यान्न र सरसफाईका सामाग्री र स्वास्थ्य सामाग्री सहयोग |
| | | कूल ५५७४७ परिवार/२७८७३५ जना | |

स्वीकृत कार्यक्रमबाट दैनिक ज्याला मजदुरी गरी खाने विपन्न परिवारहरुदेखि लिएर क्वारेन्टिन, आइसोलेसनमा बसेका कोरोना प्रभावित विरामीहरु अपांगता भएका व्यक्ति र परिवारहरु, जोखिममा रहेका सुत्केरी गर्भवती महिला, ज्येष्ठ नागरिकहरु, मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला तथा किशोरीहरु, कोभिड १९ नियन्त्रणका लागि अग्रभागमा काम गर्ने स्वास्थ्यकर्मीहरु, मनोसामाजिक परामर्श चाहिने परिवारहरु लाभान्वित भएका छन् ।

विपद्को समयमा राष्ट्रिय गैर सरकारी संस्थाहरुले गरेको सहयोगले आमजनतालाई सहजता पुग्ने आशा गरीएको छ । प्रस्तावित क्रियाकलाप अनुसारको बजेट निम्नानुसार खर्च हुने देखिन्छः

| क.सं. | क्रियाकलाप | बजेट रकम | प्रतिशत |
|---|---|---|---|
| १ | खाद्यान्न राहत वितरण | रु. ९,९८,०६,८७२ | २८% |
| २ | स्वास्थ्य र सरसफाई सामाग्री वितरण | रु.१०,३२,५१,७१२ | २९% |
| ३ | जनचेतना कार्यक्रम | रु. ७६,८१,२०८ | २% |
| ४ | महिला/बालबालिकालाई सहयोग | रु. ६१,०३,४९२ | १.७३% |
| ५ | क्वारेन्टिन/आइसोलेसनमा सहयोग | रु.२,२०,०५,५२५ | ६.२३% |
| ६ | मनोसामाजीक परामर्श सहायता | रु. ६९,८३,००२ | २% |
| ७ | जनावरका लागि खाद्यान्न तथा औषधि सहयोग | रु. ४४,७७,८०० | १.५% |
| ८ | मिश्रित क्रियाकलाप | रु. १०,२४,७५,५६१।४७ | २९.५४ % |
| | | कूल जम्मा **रु.३५,२७,८५,१७२।४७** | १०० % |

खाद्यान्न राहत वितरण, स्वास्थ्य र सरसफाई वितरण, जनचेतनाका कार्यक्रम, क्वारेन्टिन र आइसोलेसनमा सहयोग, मनोसामाजिक परामर्श लगायतमा राष्ट्रिय गैरसरकारी संस्थाका क्रियाकलापहरु रहेका छन् ।

उक्त तथ्याकंलाई भौगोलिक क्षेत्र अनुसार राख्दा,

| क.सं. | प्रदेश | परियोजनाले ओगटेका जिल्लाहरु |
|---|---|---|
| १ | प्रदेश १ | सुनसरी, मोरङ्ग, उदयपुर, भोजपुर, धनकुटा, इलाम, संखुवासभा, पाँचथर, झापा, सोलुखुम्बु |
| २ | प्रदेश २ | धनुषा, सप्तरी, बारा, पर्सा, सिराहा, महोत्तरी |
| ३ | बाग्मती प्रदेश | काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, दोलखा, मकवानपुर, रसुवा, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट, रामेछाप |
| ४ | गण्डकी | गोरखा, लमजुङ्ग, कास्की, नवलपुर, स्याङ्जा, पर्वत, तनहुँ |
| ५ | प्रदेश ५ | दाङ, बाँके, बर्दिया, प्युठान, पाल्पा, कपिलवस्तु, रुपन्देही, नवलपरासी |
| ६ | कर्णाली | सुर्खेत, दैलेख, रुकुम, मुगु, कालिकोट, जुम्ला, डोल्पा, हुम्ला |
| ७ | सुदुर पशिचम | कैलाली, कञ्चनपुर, अछाम, बझांग, बाजुरा, बैतडी, डडेलधुरा |

उपरोक्त तालिकाबाट भौगोलिक क्षेत्र अनुसार हेर्दा गैर सरकारी संस्थाका परियोजनाहरु सातै प्रदेशमा पुगेको छ ।

**निश्कर्ष**

कोभिड- १९ महामारीको समयमा पनि कार्यालयलाई नियमित अवस्थामा सञ्चालन गरी कोभिड १९ सँग सम्बन्धित परियोजनाहरुलाई छिटो-छरितो हिसाबले परियोजना स्वीकृत गर्ने तथा कार्यप्रगति जानकारी गराउने व्यवस्था गरिएको छ । साथै, अन्य खालका नियमित परियोजनाहरु, बालगृहसँग सम्बन्धित परियोजनाहरुलाई समेत प्राथमिकतामा राखी स्वीकृत गरिएको र ती कार्यक्रमहरु सञ्चालन भएका छन् ।

- स्वीकृत परियोजनाको २० प्रतिशत बजेट कोभिड १९ को रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा परिचालन गरी गरिबीको रेखामुनी रहेका नागरिक, जोखिममा रहेका महिला, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्तिहरु, बालबालिकाहरु, कोभिड१९ बाट संक्रमित र जोखिममा रहेका समूहहरु, मनोसामाजिक परामर्श चाहिने खालका बिरामीहरु लगायतलाई सहयोग गर्न राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट भएका प्रयास उल्लेखनीय भएको देखिन्छ ।
- गैरसरकारी संस्थाका काम कारबाही प्रभावकारी बनाउन समाज कल्याण परिषद्ले प्रभावकारी भूमिका खेलेको देखिन्छ ।